आज मिति २०७५ साल चैत्र महिनाको २२ गते शुक्रबारका दिन बिहान ठिक ८.०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यूको अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

तपशिल :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , सदस्य (नगर कार्यपालिका )

श्री सबिता रसाईली , नगर उपप्रमुख ,सदस्य(नगर कार्यपालिका)

श्री रवि चन्द्र पौडेल, सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग ,सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ ,सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा, सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल, सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा, सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी, सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा, सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग, सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा, सदस्य (नगर कार्यपालिका)

श्री गिता महत, सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल, सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा, सदस्य (नगर कार्यपालिका)

Scanned by CamScanner

श्री सानुमाया महत, सदस्य (नगर कार्यपालिका)
श्री कुल बहादुर भुजेल, सदस्य (नगर कार्यपालिका)
श्री खिम बहादुर कुमाल, सदस्य (नगर कार्यपालिका)
श्री भरत लामगादे, सदस्य (नगर कार्यपालिका)
श्री देव बहादुर अधिकारी ,प्र.प्र.अधिकृत एवम सचिव ( नगर कार्यपालिका )

अन्य उपस्थिति :
श्री नवराज चापागाई ,शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख
श्री लक्ष्मण लम्साल ,सामान्य प्रशासन तथा सामाजिक विकास शाखा प्रमुख
श्री हिमा पोखेल, प्रशासकीय अधिकृत (सामान्य प्रशासन शाखा )

Scanned by CamScanner

निर्णय नं.१ मिति २०७५/०६/०५ गते बसेको नगर कार्यपालिकाको निर्णय अनुसार कार्यालयले मिति २०७५/११/०४ गते ढोर फूलबारी शहिद अस्पतालमा रिक्त मेडिकल अधिकृत , स्टाफ नर्स (सहायक पाचौं) , ल्याब असिष्टेन्ट (सहायक चौंथो) को नियमानुसार छनौट समितिले अन्तरवार्ता लिई मिति २०७५/११/१४ मा सफल उम्मेद्वारको नतिजा प्रकाशन गरेकोले स्टाफ नर्स र ल्याब असिष्टेन्टलाई नेपाल सरकारले सम्बन्धित तहलाई तोकेको तलब स्केल बमोजिम र मेडिकल अधिकृतलाइ नेपाल सरकारले तोकेको अधिकृत आठौ स्तरको तलब स्केल बमोजिमको तलब र २४ सै घण्टा अतिरिक्त समय काम गरेबापत तलब स्केल बरावरको अतिरिक्त भत्ता समेत थप गरि करार सेवा सम्झौता गर्ने ।

निर्णय नं. २ मिति २०७५ साल चैत्र १७ गते बसेको शिक्षा समितिको बैठक नं. ६ ले गरेका निर्णयहरु अनुमोदन गरियो ।

निर्णय नं. ३ नेष्ट पिकासोद्धारा तयार पार्ने एकिकृत नगर विकास योजना अन्तर्गत देहायबमोजिमका गौरवका योजनाहरु छनौट गर्ने साथै एकिकृत नगर विकास योजना ( **IUDP** ठेक्का नं. १-०७४।७५ **SMC** ) र घर नम्बरिङ ( **Plan and Devlop House Numbering System** ठेक्का नं. २-०७४।७५ **SMC** ) कार्यका लागि भएको सम्झौता बमोजिमको म्याद सकिएकोले म्याद सकिएको मिति देखि २०७६ असार मसान्त सम्म अन्तिम पटकका लागि म्याद थप गर्ने ।

तपशिल :

१.कृषि संकलन तथा वितरण केन्द्र - शु.न.पा ५ ,वेलचौतारा (साझाको स्वामित्वमा रहेको जग्गामा)

२.बसपार्क - शु.न.पा ४ ,पंचमुनीदेव मा.वि को जग्गा ,विद्यालयसग समन्वय गर्ने

३.खेलकुद मैदान - गाउफर्कोदय मा.वि को प्राङगड, शु.न.पा ८

निर्णय नं. ४ शहरि विकास तथा भवन निर्माण विभागद्धारा आयोजित स्याटलाईट सिटी अन्तर्गत एउटा योजना छनौट गर्ने सन्दर्भमा शु.न.पा २ एक्लेखेतमा सितभण्डार निर्माण गर्न छनौट गरि पठाउनें ।

निर्णय नं. ५ अवैध उत्खनन गर्ने सवारी साधनलाई जफत गरी उठाईएको ढुंगा गिटी बालुवाको दण्ड जरिवाना रकमको १० प्रतिशत रकम ईलाका प्रहरी कार्यालय ,वेलचौतारालाई उपलब्ध गराउने र अवैध चोरी निकासी नियन्त्रण गर्न विशेष सक्रियता देखाउन पनि अनुरोध गर्ने ।

प्रमुख

Scanned by CamScanner

५११

नगर कार्यपालिकाको कार्यालय दुलेगौंडा, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

निर्णय न. ६ रोजगारीको हक सम्बन्धी नियमावली , २०७५ परिच्छेद -४ को १४ अनुसार नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी कामको लागि देहाय बमोजिमको कार्यपालिका सदस्यलाई स्थानीय निर्देशक समितिको सदस्य तोक्ने ।

**तपशिल :**

सदस्य श्री रबिचन्द्र पौडेल ,वडाध्यक्ष

सदस्य श्री रामचन्द्र भण्डारी,वडाध्यक्ष

निर्णय नं. ७ ईलाका प्रहरि कार्यालयद्धारा आयोजित सामुदायिक प्रहरी साझेदारि कार्यक्रमको विल भर्पाइ अनुसारको रकम रु ३२,५००।०० (बत्तिस हजार पाच सय) मात्र आन्तरिक आयबाट भुक्तानी गर्ने ।

निर्णय नं. ८ प्रदेश ट्राफिक कार्यालयद्धारा माग भएको देहायबमोजिमको सामाग्री खरिदको विल भर्पाइ अनुसारको रकम आन्तरिक आयबाट उपलब्ध गराउने ।

तपशिल :

१ ब्रेथलाईजर - ४ थान

२ ट्राफिक कोण - २५ थान

३ फ्लोरोसेन्ट ज्याकेट - थान १५

निर्णय नं. ९ शहरि विकास तथा भवन कार्यलयको जनता आवास कार्यक्रमको तोकिएको मापदण्डको अधिनमा रही वडा कार्यालयको सिफारिस बमोजिमको विवरण पठाउने ।

निर्णय नं. १० देहायका योजनाहरुको नगरपालिकाले व्यहोर्न पर्ने साझेदारी रकम अन्य संस्थासँगको साझेदारी कार्यक्रमबाट लागत सहभागिता गर्ने ।

**देहाय :**

क) सदिखोला झेलुङगे पुल निर्माणको लागि रु. १,७५,७८१।-(रु एक लाख पचहत्तर हजार सात सय एकासी मात्र ) ।

ख) प्रदेश साझेदारीको कार्यक्रममा ५ वटा होमस्टेको १/१ लाख गरी रु.५,०००,००।-( पाच लाख मात्र ) ।

ग) शु.न.पा १० को अमर शान्ति मोटरमार्गको लागि रु. ८५७१४५ ।-(आठ लाख सन्ताउन्न हजार एक सय पैचालिस रुपैया मात्र ) ।

निर्णय नं. ११ नगर सभाहल निर्माण गर्दा प्रा.ई अनुसारको नपुग भएको थप रकम रु ३,०००,०० ( तिन लाख ) आन्तरिक आयबाट विनियोजन गर्ने ।

निर्णय नं. १२ शु.न.पा ४, कच्ची पुलदेखि नया पुल सम्म जोड्ने बाटो निर्माणका लागि रु २५ लाख अ.ल्या रकमबाट विनियोजन गर्ने ।

Scanned by CamScanner

निर्णय नं. १३ शहिद लालध्वज मो.मा कोत्रे खण्ड पहरो कटानको लागि नपुग बजेट रु २० लाख अ.ल्याबाट विनीयोजन गर्ने ।

निर्णय नं. १४ शु.न.पा ९ गौसंरक्षण योजनाका सम्बन्धमा आवश्यक निर्णय लिन आर्थिक समितिले अध्ययन गरि राय पेश गर्ने ।

निर्णय नं. १७ चमेना गृह सञ्चालनको सम्बन्धमा मासिक भाडा रु.३०००।-(अक्षेरुपी तिन हजार रुपौयाँ मात्र) तोकी मिति २०७५/१२/१९ गते तेस्रो पटक प्रकाशित सुचना र मासिक भाडादरलाई अनुमोदन गर्ने ।

निर्णय नं. १८ शु.न.पा ९ को लामीस्वारा मोटरमार्गको स्तरबृदि गर्न माग भएको रकम रु ३ लाख आन्तरिक आयबाट विनियोजन गर्ने ।

निर्णय नं. १९ शु.न.पा ९ मा औधोगिक ग्राम स्थापनाको लागि जग्गा व्यवस्थापन गर्न मालपोत र नापी कार्यालय तनहु संग समन्वय गरी जग्गा एकिन गर्ने ।

निर्णय नं. २२ प्रदेश सरकारको स्वास्थ्य चौकी भवन निर्माण गर्न शु.न.पा २ एक्लेखेतको प्रति जग्गा उपलब्ध गराउन सकिने व्यहोरा प्रदेश सरकारलाई लेखि पठाउने ।

निर्णय नं. २३ अपाङगता परिचय पत्र वितरण सम्बन्धि कार्यविधिको परिच्छेद ३ को ६ बमोजिम नगर कार्यपालिका सदस्य श्री सानुमाया महतलाई तोक्ने ।

निर्णय नं. २४ शु.न.पा १० रजस्थल प्रा.वि को हावा हुरीको कारण विद्यालयको गाह्रो तथा छाना उडाएकोले प्राविधिकलाई मुल्याङकन गर्न लगाई ईष्टिमेट बमोजिमको रकम आन्तरिक आयबाट विनियोजन गर्ने ।

निर्णय नं. २५ नेपाल लाइभस्टक सेक्टर ईनोभेसन आयोजनाद्धारा निर्माण गरिने सेवा केन्दको भवन निर्माणका लागि शु.न.पा ८ मा रहेको साबिकको पशुसेवा केन्द्रलाई सिफारिस गरि पठाउने ।

निर्णय न. २६ आगामी शैक्षिक सत्र २०७६ देखि विद्यालयको तह वृद्धि सहितको कक्षा थप र सोही तहको कक्षा थप गरी सञ्चालन अनुमति माग गरेका विद्यालयहरु मध्ये तपसिल बमोजिमका विद्यालयहरुलाई विद्यालयको पूर्वाधार, भौगोलिक अवस्थित र आवश्यकता , विद्यालय नक्शाङ्कन समेतका आधारमा तोकिएको पूर्वाधार पूरा गर्ने शर्तमा तपसिल बमोजिम कक्षा सञ्चालनको अनुमति प्रदान गर्ने ।

१. माध्यामिक तहको कक्षा सञ्चालन अनुमति

| | | |
|---|---|---|
| (क) पञ्चमुनिदेव मा.वि.(पशु विज्ञान) | शुक्लागण्डकी न.पा.४ दुलेगौंडा (सामुदायिक) | कक्षा १२ |
| (ख) सरस्वती मा.वि. | शुक्लागण्डकी न.पा. १, थप्रेक (सामुदायिक) | कक्षा १२ |

प्रमुख

Scanned by CamScanner

(ग) ज्ञान बगैचा इ.बो.स्कुल — शुक्लागण्डकी न.पा. ५, शेराटोल (संस्थागत) — कक्षा १०

(घ) लोटस बड स्कुल — शुक्लागण्डकी न.पा.८ , फिर्दी (संस्थागत) — कक्षा ९

२. आधारभुत तहको कक्षा सञ्चाल अनुमति

(क) कुश्मावती आधारभुत विद्यालय — शुक्लागण्डकी न.पा. ७ , शेराटार (सामुदायिक) — कक्षा ७

(ख) श्रमिक आधारभुत विद्यालय — शुक्लागण्डकी न.पा. २ , नर्सरी (सामुदयिक) — कक्षा ७

(ग) सूर्य प्राथामिक विद्यालय — शुक्लागण्डकी न.पा. १० , फिर्दी (सामुदायिक) — कक्षा ६

३. प्राथमिक तहको कक्षा सञ्चालन अनुमति

(क) आस्थाकेन्द्र विद्यालय — शुक्लागण्डकी न.पा. ७, सिमलटुडा (संस्थागत) — कक्षा ४

(ख) बेबी गार्डेन एकेडेमी — शुक्लागण्डकी न.पा. ८, गणपति (संस्थागत) — कक्षा २

प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner